# व्यवस्था वा दश आज्ञाअनुसार जिउनु



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *प्रस्थान २१:१-३२; प्रस्थान २२:१६-२३:३३; २ राजा १९:३५; मत्ती ५:३८-४८; रोमी १२:१९; मत्ती १६:२७।*

**याद गर्नुपर्ने पद: "तब परमप्रभुले मोशालाई भन्नुभयो, 'तिमीले इस्राएलीहरूलाई यसो भन्नू: "स्वर्गबाट म तिमीहरूसित बातचीत गरेको तिमीहरू आफैले सुनेका छौ। मसँगसँगै तिमीहरूले अरू देवताहरू नबनाउनू। तिमीहरूले चाँदीका देवताहरू, सुनका देवताहरू आफ्ना निम्ति नबनाउनू"'"** *(प्रस्थान २०:२२-२३)*।

उहाँका जनहरूका वरिपरि रहेका राष्ट्रहरूका मानिसहरूभन्दा तिनीहरू फरक भएका परमेश्वरको चाहना थियो। आस्था र निष्ठामा समर्पित मानव समुदाय परमेश्वरले स्थापना गर्न चाहनुभएको थियो। तिनीहरू उहाँका नेतृत्व र प्रभुत्वमा रहून् भन्ने उहाँको चाहना थियो। सबै जना उहाँका दश आज्ञाको मातहतमा रहने उहाँको योजना थियो। व्यवस्थाअनुसार प्रशासन चलाउन न्यायकर्ताहरू नियुक्त गर्नुपर्थ्यो, र पूजारीहरूले मानिसहरूलाई उहाँको व्यवस्था सिकाउनुपर्थ्यो। बाबुआमाहरूले पनि निर्णायक भूमिका खेल्नुपर्दथ्यो।

कुनै पनि देशमा व्यवस्था र विधिविधानहरूले विधान बनाउनेका चरित्र, स्वभाव, नियत, आदर्श, लक्ष्य र चाहनाहरू प्रकट गर्छन्। जब फारो राजाले सबै हिब्रू बालकहरूलाई मार्न उर्दी दिए, उनको व्यवस्थाले उनी दुष्ट चरित्रको छ भनेर प्रकट गरेको थियो। त्यसको विपरित कुनै राजा वा शासकले उसका राज्यमा रहेका १८ वर्षका प्रत्येक युवक र युवतीले मुफ्त उच्च शिक्षा हासिल गर्न पाउनेछ भनेर नीति बनायो भने, उनी उदारवादी भएको र उनको देश फलिफाप भएको उनी चाहन्छन् भनेर प्रकट गर्दछ।

परमेश्वर सर्वहितकारी, प्रेमिलो, धर्मी हुनुहुन्छ र मानव मूल्यताको कदर गर्नुहुन्छ साथै खराब वा दुष्ट तत्त्वहरूलाई रोक्न चाहनुहुन्छ भनेर उहाँका विधिविधान र दश आज्ञाले प्रकट गर्छ। दश आज्ञाको विधान पवित्र र न्यायी छ, त्यसरी परमेश्वर पनि पवित्र र न्यायी हुनुहुन्छ। प्रशस्त जीवनको निम्ति उहाँले प्रावधान बनाउनुभएकै क्रममा हामीलाई आइपर्ने खतरा र विपदहरूबाट सुरक्षित हुन दश आज्ञाको नीति हामीलाई दिएको हो। परमेश्वरको कदर कसरी गर्ने र एक आपसलाई कदर कसरी गर्ने भनेर दश आज्ञाले खुलाउँछ। विधिविधान पद्धतिको आधार नै मानव जीवनका मूल्य र मान्यताहरू हुन्।

# करारको नियमावली वा आचार संहिता

जब परमेश्वरले सिनै पहाडबाट दश आज्ञा दिनुभयो तब उहाँका जनहरूका निम्ति आचार संहिताको जग बसाल्नुभएको थियो। यदि उहाँका जनहरू उहाँसँग संयोजन वा तालमेल गरेर चल्न सके तिनीहरू पवित्र जीवन बिताउन सक्थे। त्यसकारण, दश आज्ञाको आचार संहिता, नीति र यसले अपेक्षा गरिएको आचरण प्रत्येक येशूभक्तले दैनिक जीवनमा लागु गरेर चल्न आवश्यकता छ। त्यसको थपमा परमेश्वरले अरू नीति तथा विधानहरू दिनुभयो। यसलाई "करारको व्यवस्था, कोध, विधान वा संहिता" भनेर सम्बोधन गरिन्छ। ती विधानहरूलाई उचित रूपमा लागु गरिएको छ कि छैन भनेर हेर्ने जिम्मेवारी न्यायकर्ता वा हाकिमहरूको थियो।

"दासत्वको बन्दी जीवन बिताएर र मूर्तिपूजक समाजमा भिजेर अन्धा र पतित भएका इस्राएलीहरूले दश आज्ञाका सर्वहित मर्यादाको सराहना र कदर गर्न तयार थिएनन्। दश आज्ञाका दायित्वहरूलाई पूर्ण रूपमा बुझ्न र कार्यान्वयन गर्न थप व्यवस्था वा नीतिहरू दिइएका थिए। दश आज्ञाका नीतिहरूलाई कसरी कार्यान्वयन गर्ने भनेर चित्रण गर्न ती व्यवस्थाहरू दिइएका थिए। ती व्यवस्थाहरूलाई न्यायका विधानहरू भनेर सम्बोधन गरिन्छ। तिनीहरू परमेश्वरका अपार ज्ञान र बुद्धिका संरचना थिए। यी भेदभावरहित, निष्पक्ष र समता थिए। प्रशासकहरूले ती व्यवस्थहरूका आधारमा न्याय वा फैसला गर्नुपर्थ्यो। दश आज्ञा परमेश्वर आफैले सार्वजनिक रूपमा प्रस्तुत गर्नुभएको थियो तर ती विधिविधानहरू उहाँले मोशालाई व्यक्तिगत रूपमा दिनुभएको थियो ताकि उनले मानिसहरूलाई सुनाऊन्।"—*पाट्रियार्क्स एण्ड प्रोफेटस्*, ३१०।

पढ्नुहोस्: **प्रस्थान २१:१-३२ पढ्नुहोस्। हिब्रू दासहरू, हत्या र शारीरिक हानी गर्नेहरूका निम्ति के विशेष नीतिहरू दिइएका छन्?**

करारको संहिता, नीति वा व्यवस्थाहरू प्रस्थानको पुस्तकमा धेरै अध्यायहरूमा समावेश गरिएका छन् *(प्रस्थान २१:१-२३:१९)*। ती सबै व्यवस्था, नीति वा विधानहरूचाहिँ खराब, दुष्ट तत्त्वहरूका बाढीलाई रोक्न दिइएका थिए र व्यवस्थित समाजको निर्माण गर्न दिइएका थिए।

दासहरूप्रतिका व्यवस्था वा नीतिहरू विशेष थिए। आधुनिक र मध्यकालिन युगमा दासहरूप्रति लोकमान्य भिषण, दमनकारी र खराब व्यवहारहरूसँग यहूदीहरूका दासको विषयमा कार्यान्वयन गर्ने नीतिहरूलाई तुलना गर्नुहुन्न। हिब्रू दासहरू मूल्यवान् थिए र तिनीहरूलाई सुरक्षा दिएको थियो। आधुनिक र मध्यकालिन समाजमा नोकर र दासहरू तिनीहरूका मालिकका सम्पत्ति थिए। मालिकले जे मन लाग्यो ती नोकर वा दासहरूलाई गर्न सक्थ्यो। त्यसको विपरित बाइबलका व्यवस्थाहरू भिन्नै थिए। नोकर वा दासहरू सात वर्षको निम्ति मात्र थिए *(प्रस्थान २१:१, २; यर्मिया ३४:८-२२)*, र सातौँ वर्षमा सबै दासहरूलाई स्वतन्त्र गर्नुपर्थ्यो। तिनीहरू आफ्ना मालिकहरूसँग रहन चाहे भने त्यो छुट थियो। मालिकहरूले दासलाई शबाथ दिनमा काम लगाउन पाउँदैथे वा त्यस दिन तिनीहरूलाई छुट्टी दिनुपर्थ्यो *(प्रस्थान २०:९, १०)*। दासहरूका आधारभूत आवश्यकताहरू मालिकहरूले उपलब्ध गराउनुपर्थ्यो।

**प्रायः जसो सबै देशहरूमा संस्थागत दासत्वका खराब व्यवहार खारेज भए तापनि ती खराब नीतिका अंशहरू अहिले पनि कसरी कायमै रहेका छन्? तिनीहरूलाई समाल्न, सिमित पार्न र तिनीहरूको खिलाफमा आवाज उठाउन हामीले के गर्नुपर्छ?**

## अझ व्यवस्थाहरू

परमेश्वरले निगाह र दया देखाउनुभएर हाकिम तथा न्यायकर्ताले सम्पत्तिको अधिकार सम्बन्धमा मानिसहरूमा विभिन्न समस्याहरू आइपर्दा कसरी समाधान गर्ने भनेर उहाँले सिकाउनुभएको थियो। मानिसहरूले सामना गर्ने विभिन्न समस्याहरूको बेहोराहरू ती व्यवस्थाहरूमा राखिएका छन्। छिमेकीको साँढेले अर्को छिमेकीलाई आक्रमण गऱ्यो भने के गर्ने, यदि कसैले छिमेकीको घर पालुव बस्तुलाई चोरेर बेच्यो भने के गर्ने, यदि पशुहरूले अर्काको खेतबारीमा चर्न गयो भने के गर्ने, यदि कसैले केही सापती लियो वा चोऱ्यो भने के गर्ने, वा बहालमा लिएको पशुलाई चोट पऱ्यो र मऱ्यो भने के गर्ने आदिका फैसला कसरी गर्ने भनेर ती व्यवस्थाहरूमा लेखिएको छ *(प्रस्थान २२:१६-२३:१५)*।

पढ्नुहोस्: **प्रस्थान २२:१६-२३:९ पढ्नुहोस्। के विषयवस्तुहरूका मामिलामा व्यवस्था वा कानुनहरू दिइएका थिए र तिनीहरूलाई कसरी कार्यान्वयन गर्ने भनेर बताइएको छ?**

परमेश्वरका व्यवस्था वा विधानहरूमा विभिन्न विषयवस्तुहरू सामेल भएका छन्। मानिसहरूलाई हेप्ने र दमन नीतिहरूका खिलाफमा कानुनहरू थिए। कसैले कसैलाई शोषण गरेको परमेश्वरले चाहनुहुन्न। मानव हृदयका पापी नियतहरूलाई उहाँले सच्याउनुहुन्छ। मानिसका स्वाभाविक खराब प्रवृत्तिहरू रोक्नुपर्नेमा उहाँले जोड दिनुहुन्छ। समाज सुरक्षित हुनुपर्छ भन्ने उहाँको जिकिर छ। खराब तत्त्वहरू त्याग्नुपर्छ र असल भाइचाराको एक आपसको सम्बन्धलाई विकास गर्नुपर्छ भन्ने उहाँको नीतिमा छ। सबै काम र नीतिहरूमाथि न्याय र प्रेमले प्रभुत्व कायम राख्नुपर्छ।

पढ्नुहोस्: **प्रस्थान २३:१०-१९ पढ्नुहोस्। यहाँ कुन-कुन महत्त्वपूर्ण विषयवस्तुहरूको बारेमा छलफल गरिएको छ?**

शबाथ र चाडहरू आराधनाको विषयमा थिए र तिनीहरूले मुक्तिको इतिहासमा भएका मुख्या घटनाहरूको याद दिलाउँथे। आराधनाको कार्यक्रम होसियारसाथ नियमित तरिकाले चलाउनुपर्थ्यो किनकि सबै क्रियाकलापहरूका धार्मिक आधार त्यही थियो। शबाथ सृष्टिको समयमा नै स्थापना गरिएको थियो *(उत्पत्ति २:२, ३; प्रस्थान २०:८-११)*। यो इस्राएलीहरूलाई गरिएको उद्धार र मुक्तिसँग पनि गाँसिएको थियो *(व्यवस्था ५:१२-१३)*। परमेश्‍वर सृष्टिकर्ता, मुक्तिदाता र प्रभु भनेर आराधना गर्ने अवसरलाई प्रभावकारी रूपमा औँल्याइएको थियो *(मर्कूस २:२७, २८)*।

फेरि तिन वटा निर्णायक र मुख्य पर्वहरू इस्राएलीहरूले प्रत्येक वर्ष मनाउनुपर्थ्यो: (१) निस्तार चाड वा खमिर नभएको रोटी खाने चाड जुन वसन्त ऋतुमा पर्छ। यो मार्च र अप्रिल वा चैत र वैशाखतिर पर्छ; (२) पेन्तिकोस वा फसलको पर्व/भोज जुन अगाडिका चाडहरूका सात हप्ता वा ५० दिनपछि सुरु हुन्थ्यो र (३) छाप्रोवासको चाड वा वर्षा ऋतुको समयमा हुने कटानी वा बाली भित्राउने चाड जुन प्रायः जसो सेप्टेम्बर र अक्टोबरका बीचमा पर्छ *(प्रस्थान ३४:१८-२६; लेवी २३:४-४४; गन्ती २८:१६-२९:४० र व्यवस्था १६:१-१६ पनि पढ्नुहोस्)*।

# परमेश्वरका सुरुको योजना

पढ्नुहोस्: **प्रस्थान २३:२०-२३ पढ्नुहोस्। प्रतिज्ञा गरिएको देश जित्न परमेश्वरले के तरिका अपनाउन चाहनुभएको थियो?**

प्रतिज्ञा गरिएको देशमा इस्राएलीहरूले आक्रमण गरोस् भन्ने परमेश्वरका नियत थिएन। त्यो तिनीहरूलाई उपलब्ध गराइनेथियो। अब्राहाम, इसहाक र याकूबलाई यो दिने प्रतिज्ञा गरिएको थियो। यो त इस्राएलीहरूका निम्ति परमेश्वरको विशेष उपहार हुनुपर्नेथियो।

प्रतिज्ञा गरिएको देश कसरी जित्नुपर्छ भन्ने मोडेल वा नमुनालाई लाल सागरमा इस्राएलीहरू कसरी तरे त्यसले देखाएको थियो। परमेश्वर आफै उहाँका जनहरूका निम्ति युद्ध गर्नुभएको थियो र तिनीहरूलाई मार्न चाहनेहरूमाथि पूरा विजय दिनुभएको थियो *(प्रस्थान १४:१३, १४)*। परमेश्वरले अलौकिक तरिकाले हस्तक्षेप गर्नुभएकोले मिश्रीहरू पराजित भएका थिए। त्यही तरिकाले शक्तिशाली राष्ट्र अश्शूरका राजा सनहेरीबको समयमा अश्शूरी अत्याधुनिक र बलियो अस्त्र भिरेका र राम्रो तालिम प्राप्त विशाल फौजलाई इस्राएलीहरूले युद्ध नगरीकन परमेश्वरले पराजित पार्नुभएको थियो। अगमवक्ता यशैयालाई परमेश्वरले दिनुभएको वचनमा विश्वास गरेकोले राजा हिजकियालाई उहाँले विजय दिनुभएको थियो *(२ राजा १९:३५; यशैया ३७:३६)*।

अब्राहामको सन्तानको निम्ति प्रतिज्ञा गरिएको देश तुरुन्तै नदिने तर ४०० वर्षपछि मात्र दिने भनेर परमेश्वरले उनलाई जानकारी दिनुभएको थियो *(उत्पत्ति १५:१३-१६)*। किन त? त्यसको कारण कनान देशका मानिसहरूका दुष्टतासँग सम्बन्धित थियो। परमेश्वरका निगाहाले त्यस देशमा मानिसहरूले पश्चात्ताप गरून् भन्ने उद्देश्यले अनुग्रहको समय

दिइएको थियो। तर परमेश्वर, उहाँका मुल्यमान्यता र नीतिहरूका विरुद्धमा तिनीहरूले विद्रोह नै गरिरहे। जब तिनीहरूका दुष्टताको कचौरा पूरै भरिएको थियो तब तिनीहरूका भूभाग हिब्रूहरूका निम्ति घरजम गर्न उहाँले दिन तयार हुनुभएको थियो।

त्यसको थपमा ती राष्ट्रका मानिसहरूलाई इस्राएलीहरू आउनुभन्दा अघि नै प्रभावकारी तरिकाहरूले धपाउने परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो: (१) दुष्ट राष्ट्रहरूमा भयानक त्रास र डर पठाउनुभएर, र (२) बारुलाहरू पठाउनुभएर त्यहाँका मानिसहरूलाई धपाइनेथियो। त्यसको अर्थ इस्राएलीहरू नयाँ भूभागमा आउनुभन्दा अघि तिनीहरूका शत्रुहरूले त्यो देश छोड्न बाध्य हुनुपर्नेथियो। तिनीहरू पछाडि फर्केर भागाभाग हुनुपर्नेथियो *(प्रस्थान २३:२७, २८)*।

प्रतिज्ञा गरिएको देश जित्न र इस्राएलीहरूलाई सुरक्षित पार्नमा परमेश्वरका दूतले निर्णायक भूमिका खेल्नुभएको थियो। त्यो दूत येशू ख्रीष्ट नै हुनुहुन्थ्यो। उहाँले नै इस्राएलीहरूको अगुवाइ गर्नुभएको थियो, बाटोमा भएका भूभागहरू जिताउनुभएको थियो र तिनीहरूलाई सुरक्षित गर्नुभएको थियो। दिउँसो तिनीहरूलाई अगुवाइ गर्न बादलको खम्बा हुनुभएको थियो, र रातमा उहाँ नै आगोको खम्बा भएर अगुवाइ गर्नुभएको थियो। येशूमा नै दैविक अधिकार भएकोले तिनीहरूले निर्देशनहरूलाई होसियारसाथ सुन्नुपर्थ्यो र पालन गर्नुपर्थ्यो *(प्रस्थान २३:२१)*। यदि परमेश्वरको चाहनाको विरुद्धमा गए र उहाँको नेतृत्वप्रति शङ्का गरे, तिनीहरूका यात्रालाई जटिल बनाइन्थ्यो।

**परमेश्वरलाई विश्वास नगर्न मूर्तिपूजकहरूलाई तिनीहरूले सुधारून् भनेर परमेश्वरले धेरै वर्ष दिनुभएको थियो। यसले हामीलाई परमेश्वरको अनुग्रहको बारेमा के सिकाउँछ? त्यस अनुग्रहलाई अस्वीकार गर्दा त्यस अनुग्रहको सीमा कस्तो रहेछ भनेर यसले हामीलाई कसरी देखाउँछ?**

# आँखाको बदलामा आँखा

पढ्नुहोस्: **मत्ती ५:३८-४८ पढ्नुहोस्। बदला लिने नीतिलाई येशूले कसरी व्याख्या गर्नुभएको छ? आजको परिवेशमा कसरी कार्यान्वयन गर्ने?**

---

---

डाँडामा दिनुभएको उपदेशमा येशूले पुरानो करारबाट पदहरू उद्धृत गर्नुभएको थियो। श्रोताहरूलाई ती पदहरूको बारेमा जानकारी थियो। तर त्यस समयका धर्मगुरु वा रब्बीहरूको व्याख्या गर्ने तरिकाहरूप्रति येशूले असहमत जनाउनुभएको थियो। शताब्दियौँपछि ती व्याख्याहरू व्यवस्था वा नीतिहरूका सुरुको लक्ष्यबाट फरक हुन पुगेका थिए। परमेश्वरका वचनलाई मानवीय परम्पराले ओझेलमा मात्र पारेका थिएन तर व्यवस्थाको नियत र अर्थहरूलाई पनि बङ्ग्याएको थियो। उदाहरणमा शबाथको बारेमा लिन सकिन्छ। धर्मगुरुहरूले शबाथको बारेमा अनेकौँ नियमहरू बनाएर त्यसलाई पालन गर्न भारी बनाएका थिए। त्यो व्यवस्थाका सुरुका अर्थहरूलाई येशूले पुनर्स्थापित गर्नुभएको थियो।

डाँडामा दिनुभएको उपदेशमा उहाँले आफ्ना श्रोताहरूलाई सुरुका पदहरू र तिनीहरूका नियत र अर्थहरूलाई देखाउन खोज्नुभएको थियो। किनकि धर्मगुरुहरूले तिनीहरूका गलत अर्थ लगाएका थिए।

प्रस्थान २१:२४मा आँखाको बदला आँखा र दाँतको बदला दाँत भनेर उल्लेख गरिएकोमा येशूले मत्ती ५:३८मा त्यसलाई उतार्दै भन्नुभयो, "तिमीहरूले सुनेका छौ ... तर म भन्छु"। यो बदलाको व्यवस्था वा *lex tallionis*लाई उहाँले औँल्याउनुभएको थियो। यही पद बाइबलमा अन्त पनि प्रयोग गरिएको छ *(लेवी २४:२०; व्यवस्था १९:२१)*।

यो व्यवस्थाको सुरुको नियतचाहिँ कुनै पनि व्यक्तिगत बदला वा प्रतिशोधको भावनाको विरुद्धमा थियो। यसमा कुटाकुट गरेर रक्तमय

नबनाउनु वा पहिला छानविन नगरि बदला नलिने नीतिमा आधारित थियो। कसैले कसैलाई हानी वा नोक्सान गऱ्यो भने, न्यायकर्ताहरूले छानविन गर्नुपर्थ्यो र उचित सोध भर्ना तिर्न लगाउनुपर्थ्यो वा उचित हर्जाना तिर्न लगाउनुपर्थ्यो। मानिसहरूले कानुनलाई आफ्नै हातमा नलिनको लागि यो नीति अपनाइएको थियो। न्याय त गर्नैपर्छ तर परमेश्वरको व्यवस्थाअनुसार गर्नुपर्थ्यो।

यी सामाजिक कानुनहरू येशूले मोशालाई दिनुभएको थियो। ती कानुनहरूका उद्देश्य उहाँलाई थाहा थियो। त्यसकारण, ती नीतिहरूलाई निष्पक्षित रूपमा उहाँले प्रयोग गर्नुभएको थियो अर्थात् तिनीहरूका सुरुका नियतलाई उहाँले बुझाउन खोज्नुभएको थियो।

यो आँखाको बदला आँखा र दाँतको बदला दाँत कानुनको नियत थियो कि समाजमा न्याय, पुनर्मिलन वा मेलमिलाप र शान्ति स्थापना गर्नुथियो।

दण्डहिन न्याय त हुँदैन। न्याय र दण्डको बीचमा सन्तुलन ल्याउन प्रयास गर्न त्यस नीतिलाई कार्यान्वयन गरिएको थियो।

**आजको संसारमा अथाह अन्याय र अत्याचार भइरहेको छ। एक दिन ती सबैको ठेगाना लगाइनेछ भन्ने धारणाले हामीलाई कसरी सान्त्वना दिन्छ?**

________________________________________

# बदला वा प्रतिशोध

**“प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ। किनभने, लेखिएको छ, ‘बदला लिने काम मेरो हो, म नै बदला लिनेछु,’ परमप्रभु भन्नुहुन्छ”** *(रोमी १२:१९; व्यवस्थम ३२:३५ पनि पढ्नुहोस्)*।

**के छ: यी पदहरूमा के प्रतिज्ञा र आदेश दिइएका छन् र तिनीहरूमा एक आपसी सम्बन्ध के छ?**

---

---

जबसम्म यस संसारमा अभाव भएको न्याय प्रभुले ल्याउनुहुन्न तबसम्म पौराणिक इस्राएलमा न्यायकर्ताहरूले कानुनलाई कार्यान्वयन गर्नुपर्थ्यो र हानी वा नोक्सान पुऱ्याउनेहरूलाई उचित दण्ड दिनुपर्थ्यो। तर न्याय र दण्ड दिनुभन्दा पहिला तिनीहरूलाई सत्य तथ्यको आवश्यकता थियो। तर समस्या के थियो भने येशूको समयका धर्मगुरुहरूले व्यक्तिगत प्रतिशोधको भावनालाई अभिप्रेरित गराउने तरिकाले कानुनको अर्थ लगाएका थिए। त्यसो गर्दा कानुनको नीतिलाई जुन सन्दर्भमा लेखिएको थियो त्यसबाट अलग गरिएको थियो। त्यसले गर्दा कानुनले जे नगर्नु भनेको थियो त्यसैलाई तिनीहरूले कार्यान्वयन गरिरहेका थिए।

**पढ्नुहोस्: इनाम र दण्डका नीतिहरूलाई येशूले कुन दृष्टिकोणमा हेर्नुभएको थियो भनेर देहायका पदहरूले के बताउँछन्? हेर्नुहोस्, मत्ती ६:४, ६; मत्ती १६:२७; लूका ६:२३ र २ तिमोथी ४:६।**

---

---

इनाम र दण्डका नीतिहरूको विरुद्धमा येशू उभिनुभएको थिएन। न्यायचाहिँ नैतिक नीति हो, त्यसकारण यो जीवनको निर्णायक भाग हो। तर कुनै पनि व्यक्तिले न्यायकर्ताको काम गर्ने र कानुनलाई आफ्नै हातमा लिएर कार्यान्वयन गर्ने अधिकार छैन। त्यसो गरे न्यायलाई दुरुपयोग गर्न सजिलो हुन्छ। कसैले हामीलाई हानी पुऱ्यायो भने, त्यसलाई बदला लिने काम हाम्रो होइन। यदि कुनै खराब वा अन्याय भएको छ भने न्यायलयले नै के गर्ने भनेर फैसला गर्छ। यो न्यायधिसको काम हो।

यस सन्दर्भमा येशूले हामीलाई यो भन्नुहुन्छ, "स्वर्गमा रहनुहुने पिताजस्तै सिद्ध हुनु।" परमेश्‍वरजस्तै हामी कसरी सिद्ध हुने? निस्वार्थी प्रेम नै परमेश्‍वरको अपार चरित्र, मिजास र स्वभाव हो। शत्रुहरूलाई कसरी प्रेम गर्ने र सताउनेहरूलाई कसरी प्रेम गर्ने र तिनीहरूका निम्ति प्रार्थना गर्ने भनेर उहाँले आफ्ना भक्तहरूलाई सिकाउनुहुन्छ। सत्य र सिद्ध हुनु भनेकै प्रेममा रहनु, क्षमा दिनु, करुणामय, सदाशयी र दयालु हुनु हो *(लूका ६:३६)*। ती गुणहरू पाउन अयोग्य भए तापनि ती गुणहरू वर्षाउने खुबी हुनु नै येशूमा रहनेको सिद्ध र सत्य प्रेम हो। यही नीति र क्रियाकलापहरूले नै हाम्रा जीवनमा परमेश्‍वरको चरित्रलाई प्रतिबिम्ब गरिरहेका हुन्छौं।

**हाम्रा दैनिक जीवनमा हामीलाई आदेश गरिएको जस्तो प्रेम देखाउन के-के गर्नुपर्छ? यसको निम्ति त्यागको किन सधैँ आवश्यक हुन्छ?**

**थप जानकारी:** *पाट्रियार्क्स एण्ड प्रोफेटसको* पृ. ३१०-३१४को “द ल गिभन टु इस्राएल” भन्ने अध्याय पढ्नुहोस्।

हामी यो स्वीकार गर्छौं कि हामी शैतानको भूभागमा छौं। त्यसैकारण, हाम्रो वास्तविक जीवनमा दुःख, कष्ट, अन्याय, अत्याचार, शोषण आदिका शैतानका धोकाबाजीका चतुर षड्यन्त्रहरूका जालमा हामी छौं। हामी जोसुकै मै हुँ भन्नेले पनि पीडा र कष्ट भोगेका छैनन् र? ती सबै पापको कारणले हामी पतित विश्व वा ग्रहमा छौं। दुर्भाग्यवस, यो हाम्रो जीवनको भाग हो। तर त्यसको सामना गर्न र त्यसबाट अलग हुन परमेश्वरले हामीलाई शक्ति दिनुहुन्छ।

“जब हामीलाई आवश्यकता पर्छ तब बहुमूल्य मुक्तिदाताले हामीलाई सहयोग पठाउनुहुन्छ। स्वर्ग जाने बाटोलाई उहाँका कदमका छापहरूले देखाएका छन्। हाम्रा पैतालामा भएको प्रत्येक काँडाले ल्याएको चोट उहाँले भोग्नुभएको थियो। हामीले बोक्न आह्वान गरिएको प्रत्येक क्रूस उहाँले बोक्नुभएको थियो। प्रत्येक प्राणलाई शान्तिको निम्ति तयार हुन प्रभुले नै सङ्घर्ष र द्वन्द्वहरू आउन अनुमति दिनुहुन्छ। सङ्कटको समय परमेश्वरका जनहरूका निम्ति त्राही-त्राही हुने समय हो। तर यसै समय नै प्रत्येक सच्चा येशूभक्तले उहाँमाथि हेर्ने समय हो र विश्वासद्वारा नै उसमा उहाँका प्रतिज्ञाहरूका इन्द्रेणीले घेरिरहेको उसले महसुस गर्नेछ।”—*द ग्रेट कन्त्रोभर्सी*, पृ. ६३३।

## छलफलको लागि प्रश्नहरू:

१. मूर्तिपूजा गर्ने राष्ट्रका जनहरूलाई तिनीहरूका भूभागबाट परमेश्वरले लखेट्नुभएको वा सखाप पार्नुभएको मामिलामा मानिसहरू शताब्दीयौँसम्म तर्क गरिरहेका छन्। यो सबैलाई बाधा पार्ने तर्क हो। यस मामिलामा पनि उहाँको उचित न्यायमा उहाँको प्रेम प्रकट भएको छ भनेर हामीले कसरी महसुस गर्ने?

२. अरूहरूलाई प्रेम गर्ने, हामीलाई घृणा गर्नेहरू र शत्रुहरूलाई पनि प्रेम गर्ने अर्ती दिनुभएको लगत्तै येशूले "त्यसकारण तिमीहरू सिद्ध हुनू जसरी स्वर्गमा रहनुभएको परमेश्वर सिद्ध हुनुहुन्छ" भन्नुभयो भन्ने कुराप्रति साधना गर्नुहोस् *(मत्ती ५:४८)*। अरू आज्ञाहरूको लगत्तै यो आदेश येशूले किन दिनुभयो? हाम्रो बुझाइमा मात्र सिद्ध हुने होइन, स्वर्गमा रहनुभएको परमेश्वरजस्तै सिद्ध हुनु भनेर उहाँले किन भन्नुभएको होला?

३. दश आज्ञा र त्यसको कामको सन्दर्भमा प्रेरित पावलको सकारात्मक र उचालिने मनस्थिति थियो तैपनि दश आज्ञालाई दुरुपयोग गर्नेको खिलाफमा उनी थिए। "तिमीहरू आज्ञा वा व्यवस्थाको मुनी होइन तर अनुग्रहको मुनि छौ" *(रोमी ६:१४)* भन्नुको अर्थ के हो? दश आज्ञा वा व्यवस्थालाई हामीले कुन-कुन तरिकाले दुरुपयोग गर्न सक्छौं?

४. न्याय र बदला लिनेको बीचमा के भिन्नता छ? के ती एकदम फरक धारणाहरू हुन् कि एउटै धारणाको फरक प्रकटहरू हुन्? न्याय पाउनेको नाउँमा बदला वा प्रतिशोधको भावना हामीमा किन हुनुहुँदैन?

## सबै थोकहरूमा असलकै निम्ति काम गरिन्छ

*लेखक:* आन्ड्यु मेकचेस्नी

अमेरिकाको अलास्का राज्यका हेलिकप्टर पाइलट र विज्ञान शिक्षक कार्ल केसीलाई ५१ वर्षको उमेरमा मस्तिष्कघात वा स्ट्रोक भयो। यो किन भयो भन्ने कुरा  उनले बुझ्न सकेनन्। बाइबलले अशुद्ध मासुको विरुद्धमा बोलेको पढेपछि र त्यसलाई समर्थन गर्ने वैज्ञानिक प्रमाणहरू पढेपछि उनले अशुद्ध मासु खान छोडेका थिए, र उनी सेभेन्थ-डे एड्भेन्टिष्ट भएका थिए।

अलास्काको फेयरब्याङ्क्स सहरमा रहेका कार्लको जीवनलाई स्ट्रोकले चकनाचूर पारिदियो। उनी हिँड्न वा काम गर्न नसक्ने भएका थिए।

त्यसपछि उनले रोमी ८:२८ मा पढे, "र हामीलाई थाहा छ कि सबै कुराहरू परमेश्वरलाई प्रेम गर्नेहरूका लागि, उहाँको उद्देश्यअनुसार बोलाइएकाहरूका लागि भलाइको लागि सँगै काम गर्छन्।" उनले यो पद धेरै पटक पढेका थिए, तर अब उनको निम्ति यसमा नयाँ अर्थ लाग्यो। उनले देखे कि यसले "परमेश्वरलाई प्रेम गर्नेहरूका लागि सबै कुराहरू राम्रो हुन्छन्" भनेको थिएन, बरु "परमेश्वरलाई प्रेम गर्नेहरूका लागि सबै कुराहरू राम्रो हुनेछन्" भनेको थियो।

कार्लले आफूलाई यो रोग किन लाग्यो भनेर सोध्न छोडे। बरु, उनले अलास्कामा सुसमाचार सुनाउनका लागि आफ्नो स्ट्रोक प्रयोग गर्न परमेश्वरसँग अनुरोध गरे। उनी योसेफको प्रतिध्वनी हुन चाहेका थिए, "तर तिमीहरूले मेरो विरुद्धमा खराबी गर्ने योजना बनाएका थियौ; तर यसमा परमेश्वरको राम्रै योजना थियो ताकि आजको दिनमा धेरै मानिसहरूलाई जीवित राख्न सकोस्" *(उत्पत्ति ५०:२०)*।


कार्लले अलास्कामा परमेश्वरका निम्ति गवाही दिने अवसरहरू खोज्न थाले। यस राज्यको इतिहास कठिन इतिहास थियो र चुनौतीपूर्ण मिसन क्षेत्र हो; त्यहाँ लामो, चिसो जाडो हुन्छ; र विशाल क्षेत्रमा सडकहरू सीमित छन् र यस विशाल राज्यका अन्य पूर्वाधारहरू कमै छन्। ७,३३,००० जनसङ्ख्यामा लगभग ३,००० एड्भेन्टिष्टहरू मात्र छन्। कार्लले तुरुन्तै महसुस गरे कि

उनको ह्वीलचेयरले उनलाई एक विशेष स्थानमा राखेको थियो। उनलाई याद गर्न मानिसहरूलाई गाह्रो भएको थिएन। अत्यन्तै गम्भीर भएर उनले परमेश्वरप्रतिको आफ्नो प्रेमको बारेमा जोसिलो पारामा सुनाउन थाले।

उनीदेखि मानिसहरूले छक्क परे, "होइन, तपाईं ह्वीलचेयरमा हुनुहुन्छ, तैपनि तपाईंले परमेश्वरको बारेमा ख्याल गर्नुहुन्छ र?" तिनीहरूले सोधे।

"तपाईंले थाहा पाउनुभयो म परमेश्वरलाई विश्वास गर्छु!" कार्लले जवाफ दिए। त्यसपछि उनले परमेश्वरको महान् प्रेमको प्रशंसा गरे। उनले रोमी ३:२३ सुनाए। यसमा लेखिएको छ कि सबैले पाप गरेका छन् र परमेश्वरको महिमाबाट चुकेका छन्, तर यूहन्ना ३:१६ले येशूमा विश्वास गर्ने सबैले अनन्त जीवन पाउँछन् भनी उनले सुनाउन थाले। उनले मानिसहरूलाई दैनिक बाइबल पढ्न र परमेश्वरको नजिक हुन प्रोत्साहित गरे। एक पटक सम्बन्ध बनिसकेपछि, सबै कुरा ठीक ठाउँमा आउनेछन् भन्ने विश्वास हुनुपर्छ र शबाथजस्ता सिद्धान्तहरू र लेवीको पुस्तकमा लेखिएको आहार जस्ता शिक्षाहरू उनले सुनाउन थाले।

कार्लले सजिलै स्वीकार गर्छन् कि स्वस्थ आहारले उनको स्ट्रोक वा पक्षाघात रोकेन। "मेरो स्ट्रोक अस्वस्थ खानाले होइन तर पापी संसारमा बाँच्ने परिणाम हो," उनले भने। "म बाँचिरहन पाउँदा म भाग्यमानी ठान्छु। धेरै जसो मानिसहरू यस्तै स्ट्रोक पछि मर्छन्।" कोही अझै पनि लामो, स्वस्थ जीवनको बाटोमा रहन चाहन्छन् भने लेवीको पुस्तकमा लेखिएको आहारलाई पालन गर्नुपर्छ भनेर उनले सुनाउँछन्।



उनको स्ट्रोकको लगभग एक दशकपछि पनि उनी भन्न सक्छन् कि स्ट्रोकको कारणले नै जीवन परिवर्तन भएको छ।

"मेरो स्ट्रोक भएको कारणले म स्वर्गमा मानिसहरूलाई भेट्नेछु," कार्लले भने। "त्यहाँ धेरै मानिसहरू हुनेछन् जो मेरो स्ट्रोक नभएको भए हुनेथिएनन्। त्यसैले, सबै कुराहरू परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति राम्रोको लागि काम गर्छन्।"